# बैठक नं. ३६

आज मिति २०७६/२/२२ गते बुधबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३६ औं बैठक बस्यो।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री लक्ष्मण राज भण्डारी | कार्यपालिका सदस्य | |
| ४. | श्री माधव के.सी | " | |
| ५. | श्री गोपाल राज शर्मा लम्साल | " | |
| ६. | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७. | श्री शिवलाल सापकोटा | " | |
| ८. | श्री मित्र बहादुर क्षेत्री | " | |
| ९. | श्री भुप राज पाठक | " | |
| १०. | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११. | श्री भैरव बहादुर थापा सारु मगर | " | |
| १२. | श्री केशर आले | " | |
| १३. | श्री रमेश बहादुर डाडा | " | |
| १४. | श्री दिनानाथ ज्ञवाल | " | |
| १५. | श्री दिल बहादुर खत्री | " | |
| १६. | श्री हेम राज दवाडी | " | |
| १७. | श्री हरि भक्त भट्टराई | " | |
| १८. | श्री केशर बहादुर क्षेत्री | " | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०. | श्री टिका माया सिंजाली | " | |
| २१ | श्री सकुन्तला गुरुङ | " | |
| २२. | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३. | श्री माया सुवेदी | " | |
| २४. | श्री नव कुमारी शर्मा | " | |
| २५. | श्री कमला दर्जी | " | |
| २६. | श्री खेम लाल नेपाली | " | |
| २७. | श्री भोज बहादुर माझी | " | |
| २८ | श्री ओम नारायण महतो | | — |
| २९ | श्री विष्णु प्रसाद ज्ञवाली | सदस्य सचिव | |

पूर्ण कुमार श्रेष्ठ
प्रमुख

Scanned by CamScanner

अन्य आमन्त्रित

१) श्री जीवलाल श्रेष्ठ - प्रशासन तथा योजना अनुगमन अधिकृत
२) श्री टिकाराम बस्याल - इन्जिनियर
३) श्री कृष्ण हरी घापकोटा - सूचना प्रविधि अधिकृत
४) श्री मोती प्रसाद रिजाल शा. अ. शिक्षा शाखा
५) श्री श्रीभद्र पौडेल , लेखा अधिकृत
६) श्री चन्द्र [illegible] रिजाल पं.वि.अ.
श्री अनिता (सवाली, रोजगार संयोजक

## देवचुली नगरपालिकाको ३६ औ नगरकार्यपालिकाको बैठकका निर्णयहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा रोजगार संयोजकबाट हालसम्म भएका काम कारवाहीबारे प्रस्तुतिकरण भयो । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालनतमा व्यवस्थापन कार्यविधि २०७६ प्राप्त बजेट स्थानीय निर्देशन समिति गठन गरी नियमानुसार समितिबाट वजेटको उचित व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. मिति २०७६/०२/०७ गते आएको हावाहुरीबाट भएको क्षति भएका घरधुरीलाई देवचुली नगरपालिका मेयर विपत राहत कोषमा जम्मा भएको रकम विपद व्यवस्थापन समितिको निर्णय बमोजिम सम्बन्धित पिडितलाई राहत स्वरुप वितरण गर्ने निर्णय गरियो ।

३. विद्यालयको कक्षा थपको अनुमति सम्बन्धमा शिक्षा शाखाबाट सिफारिस भए बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद-३ दफा ११ को उपदफा २ क २ को ज को २ मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, संचालन, व्यवस्थापन तथा नियमनको अधिकार, स्थानीय सरकारमा रहेको यस नगरपालिकामा संचालन भै कक्षा थपको अनुमतिको लागि निवेदन गरेका विद्यालयको नगरपालिका शिक्षा शाखाबाट स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदन समेत कक्षा थपको लागि सिफारिस गरिएको आधारमा निम्नानुसारका विद्यालयलाई निम्न कक्षा संचालन गर्न अनुमति प्रदान गर्ने

| क्र.स | विद्यालयको नाम | विद्यायलयको किसिम | संचालित कक्षा | कक्षा थपको अनुमति कक्षा |
|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय शारदा आ.वि, देवचुली ६ किर्तिपुर | सामुदायिक | ६ | ७ |
| २ | मिलिजुली प्रा. वि. देवचुली ८ आँपटारी | सामुदायिक | ४ | ५ |
| ३ | ओएसिस ई.वो. स्कुल, देवचुली १७ | संस्थागत | ७ | ८ |
| ४ | नेक्सस मन्टेश्वरी स्कुल, देवचुली १३ | संस्थागत | २ | ३ |

कक्षा थपको अनुमति पाउने संस्थागत विद्यालय विद्यालयबाट आधारभुत तहको कक्षा १ देखि ५ सम्मका लागि रु. ५,०००।- र आधारभुत तहको कक्षा ६ देखि ८ सम्मको लागि रु ८,०००।- शुल्क लिने ।

४. विभिन्न स्वास्थ्य सस्थाहरुबाट माग भै आएको विरामीलाई निःशुल्क वितरण गर्नुपर्ने औषधीहरु खरिद गर्नको लागि दरभाउ पत्र आव्हान भए बमोजिम आवश्यक पर्ने थप रकम आन्तरिक स्रोतबाट बेहोर्ने निर्णय गरियो ।

५. आगामि आ.व २०७६/०७७ को लागि स्थानीय मूल्यको आधारमा नगर दररेट तयार गरी पेश गर्न ईन्जिनियर टिकाराम वस्यालको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने । यस समितिका सदस्यहरु संयोजकले तोक्ने र आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्ने ।

६. यस नगरपालिका अन्तर्गत सडकहरु पिच गर्दा विभिन्न प्रकारका मापदण्ड प्रयोग भएको पाइएकोले नगरभरी एकै प्रकारको गुणास्तरीय र दिगो सडक निर्माण गर्न सडक कालोपत्रे मापदण्ड पेश गर्न ईन्जिनियर टिकाराम वस्यालको संयोजकत्वमा एका प्राविधिक समिति गठन गर्ने । समितिका सदस्य र विज्ञ संयोजक आफैले एकिन गर्ने निर्णय गरियो ।

७. न्यायिक समितिको वैठक भत्ता कार्यपालिकाको वैठक भत्ता सरह उपलब्ध गराउने निर्णय गरियो ।

८. वडा कार्यालय भवन निर्माणका लागि यस अघि प्रति वडा रु. २० लाख छुट्याइएकोमा उक्त रकमले नपुग हुने देखिएको हुँदा टेण्डर प्रक्रियामा रहेको ७ वटा ठेक्काको निर्माण व्यवशायीबाट सकार गरेको भूल्य वमोजिम निर्माण लागत कायम हुने गरी कार्यान्वयनमा लैजान स्वीकृति दिने ।

९. केही योजनाहरु विभिन्न कारणले कार्यान्वयन हुन नसकेको भनि वडा कार्यालयहरुबाट योजनाको नाम र स्थान परिवर्तन गर्न सिफारिस भै आए बमोजिम उक्त योजनाहरुको नाम र स्थान परिवर्तन गरी यथासिघ्र कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

कुमार श्रेष्ठ
प्रमुख

Scanned by CamScanner

१०. यस वर्ष कार्यान्वयनमा रहेका योजनाहरु सम्झौतामा तोकिएको अवधिभित्र अनिवार्य रुपमा सम्पन्न गर्न गराउन अनुगमन समिति, प्राविधिक कर्मचारी, वडाध्यक्ष, निर्माण व्यवशायी, उपभोक्ता समिति सबैलाई निर्देशन दिने निर्णय गरियो ।

११. यस नगरपालिकाको वडा न. १६ लाई पशु हाटवजार पकेट क्षेत्र र वडा नं. १, २, ३, १३ र १४ लाई पशुपालन ( गाई, भैसी) पकेट क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकामा विभिन्न समयमा हुने आगलागिवाट नागरिकको जीउ ज्यान र सम्पत्तिको सुरक्षा गर्न दमकल अत्यावश्यक भएको र दमकल खरिद गर्न नगरपालिकाको नियमित बजेटवाट संभव नभएको तथा आन्तरिक आम्दानी न्यून रहेको हुँदा यस नगरपालिकाको लागि आवश्यक एक थान दमकल भारत सरकारसंग माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

१३. श्री कुमारवर्ती आधारभूत विद्यालयका लागि अभिभावक प्रतिक्षालय कोठा निर्माण गर्न रु. ५०,००० उपलब्ध गराउने निर्णय गरियो ।

१४. यस नगरपालिकाको वडा नं. १३ को पहलमा वडाध्यक्षको संयोजकत्वमा गठित र स्थानीय सर्वदलीय सर्वपक्षीय जग्गा संरक्षण समितिको निर्णय सिफारिस बमोजिम दलदले वजारको पूर्व बौलाहा खोलाको पश्चिम तर्फ रहेको करीव ३ विगाह सार्वजनिक जग्गाको संरक्षण सम्वर्द्धन गर्न जग्गा छुट्याउने, तारबार गर्ने, नदि नियन्त्रण गर्ने, जग्गा सम्याउने लगायतका कार्य तत्काल शुरु गर्ने, यसका लागि लागत अनुमानको आधारमा आवश्यक वजेट आन्तरिक स्रोतबाट बेहोर्ने निर्णय गरियो ।

१५. यस नगरपालिकाको वडा नं. ५ को देवीस्थान देखि उत्तर बौलाहा खोलापूर्व, सिमसार पोखरी देखि दक्षिण, कदमपुर मूलवाटो देखि पश्चिम चार किल्ला भित्र पर्ने करिव ६ विगाहा जग्गा संरक्षण र सम्वर्द्धन गर्न छालीतार लगाउने, फलफुलको विरुवा लगाउने लगायतका कार्यहरु आन्तरिक श्रोतवाट वजेट व्यवस्था गर्ने गरी निर्णय गरियो ।

१६. नेपाल सरकारवाट प्राप्त अनुदान पशु स्वास्थ्य जाँच गोठ सुधार रु ३,००,०००।- बाट औषधी खरिद गरी आवश्यकतानुसार पशु स्वास्थ्य उपचारमा उपयोग गर्न पशु विकास शाखालाई निर्देशन दिने । व्यवसायिक पशु फर्म प्रवर्धन कार्यक्रम रु १,४०,०००।- वडा नं. १३ र १४ मा कार्यान्वयन गर्ने । भकारो सुधार रु ५२,०००।- वडा नं. ५ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

१७. वडा नं. ६ को झोलुङ्गे पुल देखि किर्तिपुर जाने वाटोमा नालि निर्माण गर्न वोलपत्र आव्हान भै ठेक्का सम्झौता गर्ने चरणमा रहेको अवस्थामा उक्त सडक प्रदेश सरकारको बजेटवाट चाक्लो वनाई कालोपत्रे गर्ने यसै वर्ष टेण्डर सूचना प्रकाशन हुन लागेको जानकारी प्राप्त भए बमोजिम सो ठेक्का रद्ध गरी उक्त रकम सोही वडाको नेपाल राष्ट्रिय शारदा आधारभूत विद्यालयको भवन निर्माण गर्ने गरी योजनाको नाम र स्थान परिवर्तन गरी कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१८. वडा नं. १६ को ओसियस चोक देखि दक्षिण तर्फका दुई वटा सडक र वडा नं. १३ र १४ सिमानामा पर्ने कुल एण्ड एलेन पेट्रोल पम्प देखि उत्तर तर्फ पर्ने फुलवारी मार्गमा वर्षायाममा यातायात संचालन गर्न कठिन हुने भएकोले लगत ईष्टिमेट वमोजिम आन्तरिक आयको रकमवाट ग्राभेल गर्ने निर्णय गरियो ।

१९. वडा नं. ४ का विभिन्न स्थानमा ग्रभेल गर्ने र ह्युम पाइप विछ्याउने र वडा नं. १७ को गौरीपुर विजय गणपति मन्दिर सम्म सडक कालोपत्र आगामी आर्थिक वर्षको लागि वडागत रुपमा छुट्टिने बजेटवाट घट्ने गरी यसै वर्ष देखि कायाएन्वयन गर्नु पर्ने गरी योजना प्रस्ताव भई आएकोले उक्त दुवै योजनाहरु वहुवर्षिय योजनाको रुपमा सम्झौता गरी सम्वन्धित वडागत सिलिङ भित्रको वजेटवाट भुक्तानी हुने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

२०. देवचुली खानेपानी तथा सरसफाई उपभोक्ता समिति क वडा नं. ७ मा जिप्सन लगाउनको लागि रु ५०,०००।- र वडा नं. ११ र १२ को कुनाघाट सिमानमा पर्ने कुलोको वाल निर्माणका लागि रु ५०,०००।- आन्तरिक श्रोतबाट बजेट व्यवस्था गर्ने गरी निर्णय गरियो ।

२०७६/२/२२
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
२०७६/०२/२२
पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

२१. देवचुली नगरपालिका वडा नं. २ शासस्वतधाम अगाडिको श्री देवेन्द्र राज पौडेलको साविक सिसवार ६ ख कित्ता नं. ५३३ क्षेत्रफल ०-८-१२ र श्री ललितराम थनेत ऐ ऐ. कित्ता नं. १५८ क्षेत्रफल ०-२-१० र कित्ता नं. २९२ क्षेत्रफल ०-४-५.५ को जग्गामा बसपार्क संचालन गर्न भाडा लिई ठेक्का सम्झौता भएकोमा उक्त कित्ताका जग्गामा बस तथा सवारी साधनहरु पार्किङ गर्न साँघुरो तथा कठिनाई भएकोले देवचुली -२ शास्वतधाम पश्चिम पट्टिको श्री देव नारायण बस्ताकोटी साविक सिसवार वडा न. ७ (ग) कित्ता नं. २५४ क्षेत्रफल ०-१०-० र श्री माधव प्रसाद घिमिरे साविक सिसवार वडा नं. ७ (ग) कित्ता न. १२९३ र १२९५ क्षेत्रफल क्रमश ०-९-३ र ०-२-१३ को जग्गा भाडा लिई बसपार्क संचालन गर्न उपयुक्त छ भनि साविक सम्झौता भएको ठेकेदार पुनम कोल्ड स्टोरका अविनाश खड्काबाट निवेदन प्राप्त भएकोले हाललाई बस पार्क भाडामा लिएको माथि उल्लेखित कित्ता नम्बरका जग्गाहरुको सम्झौता रद्ध गरी देव नारायण बस्ताकोटीको साविक सिसवार वडा नं. ७ (ग) कित्ता नम्बर २५४ साविक ०-१०-० र माधव प्रसाद घिमिरेको साविक सिसवार वडा न. ७ (ग) कित्ता नं. १२९३ र १२९५ क्षेत्रफल क्रमश ०-९-३ र ०-२-१३ जग्गाका जग्गाधनीलाई बसपार्क संचालन भएको मिति देखि मासिक रकम रु ३०,०००।-(अक्षरुपी तीस हजार मात्र)का दरले यस नगरपालिकले व्यहोर्ने र साविक कै ठेकेदारबाट पूर्व कबुलियतनामा उल्लेखित शर्त बमोजिम सम्झौता गरी बस पार्क संचालन गर्ने को लागि पहिलाको जग्गा धनिको समेत मन्जुरी लिई सम्झौता गर्ने निर्णय गरियो ।

२०७६/०२/२२ विष्णु प्रसाद भुसाल प्रमुख प्रशासकीय अधिकृत

२०७६/०२/२२

पूर्ण कुमार श्रेष्ठ नगर प्रमुख

Scanned by CamScanner